**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# निना कथामा अङ्गी र अङ्गरसको अवस्था

**डा. बोधराज ढकाल**
**उपप्राध्यापक**
**नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: bodharajdhakal026@gmail.com

Received date : 6 December 2024, Reviewed date : 7 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत निना कथामा अङ्गी र अङ्गरसको अवस्था शीर्षकको अनुसन्धानमूलक लेख रससिद्धान्तसँग सापेक्षित रहेको छ । विशेष गरी कथामा प्रस्तुत रसको निदान गरी अङ्ग र अङ्गीरसको अवस्थाको निरूपण गर्नु यस लेखको उद्देश्य रहेको छ । लेखमा निना कथाका प्रमुख पात्रहरू निना र मालामा रतिभाव प्रबल रहेको र सम्भोग श्रृङ्गार अङ्गीरसका रूपमा प्रकट भएको निष्कर्ष दिइएको छ। यसैगरी निनामा बेलाबेलामा प्रकट भएका विस्मयपरक व्यवहारहरू अद्भुत रससँग सम्बन्धित रहेका हुनाले यसलाई कथामा प्रस्तुत अङ्गरस भनेर निचोड दिइएको छ । लेखमा प्रस्तुत विश्लेषणीय प्राज्ञिक विषयहरू गुणात्मक अध्ययन पद्धतिमा आधारित भएर व्याख्यापरक विधिमार्फत विश्लेषण गरिएको छ । अध्ययनमा उद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा कथा चयन गरी अङ्गी र अङ्गरससँग सम्बन्धित रससिद्धान्तका आलोकमा विश्लेषण गरिएको छ । यस लेखमा निना र मालाका क्रियाकलापहरू रतिरागात्मक रहेका र समग्र कथा सम्भोग श्रृङ्गार रसमा प्रस्तुत भएको उल्लेख गरिएको छ । रतिकृत्यमा रमाउने गरेकी मालासँगको सङ्गतले निनामा आमूल परिवर्तन आएको छ र उनीहरू दुवै यौनजन्य कृत्यमा सामेल भएका छन् । कथामा यही रसभाव प्रमुख रूपमा प्रकट भएको छ भन्ने यस अध्ययनको सार रहेको छ । सौम्य स्वभावकी निना आफ्नो पतिसँग सरल जीवनशैलीमा रहँदारहँदै जब साल्सा सिक्ने अनि मालाको सम्पर्कमा रहेपछि उसले अनुभव गर्दै गएका रति कृत्यको नवीनतामा विस्मयपरक भाव बेलाबेलामा प्रकट भएको देखिएको छ यो नै अद्भूत रस हो । यसलाई अङ्गरसका रूपमा व्याख्या गरिएको छ ।

***शब्दकुञ्जी*** : ककटेल, जुम्बा, यौनासक्ति, रतिक्रीडा, साल्सा

*Copyright 2025 © the Author (s) and the Publisher*

## विषय परिचय

कथाकार महेशविक्रम शाहको वि.सं. २०७४ सालमा प्रकाशित कथासङ्ग्रह *भुइँखाट* हो । शाहले आफ्ना कथाहरूमा जनजीवनको यथार्थ चित्रण गरेका छन् । उनका कथाहरूमा विशेष गरी पश्चिम नेपालको सामाजिक अवस्था, जीवन भोगाइका सजीव पक्षहरू, राष्ट्रिय-अन्तराष्ट्रिय जीवनका विविध घटनाहरू, युद्धावस्था र यसले उत्पन्न गराएको विनाश, भय, आतङ्क, हत्या, उत्पीडन एवम् यसबाट छुटकारा पाउन खोजेको मानव चाह तथा स्वैरकल्पनासँग सम्बन्धित विषयहरू प्रस्तुत गरिएको छ । विशेषतः शाहले आफ्ना कथामा नेपाली समाजले भोग्नुपरेका जीवन भोगाइका विविध पक्षहरूलाई कथ्यात्मक रूपमा प्रस्तुत गर्दै समाजको सजीव अभिव्यक्ति दिएका छन् । *भुइँखाट* कथासङ्ग्रहमा विशेष गरी कथाकारले पश्चिम नेपालको सामाजिक जीवन मात्र नभै जनयुद्धले पारेको प्रभाव, गरिबी, हत्या, गुण्डागर्दी, राजनीतिक स्वार्थ र त्यसमा पिल्सिएको समाजका साथै पाश्चात्य समाजमा देखिएको खुल्ला जीवनशैलीलाई यथार्थपरक रूपमा प्रस्तुत गरेका छन् । साहित्यमा भावपक्षको विश्लेषण गर्ने महत्त्वपूर्ण सिद्धान्त रस हो । नाटकको विश्लेषणमा यो सिद्धान्तको स्थापना गरिएको भए पनि साहित्यिक कृतिमा पात्र र कथावस्तु प्रयोग गरिएको छ भने त्यसको विश्लेषणमा उपयोग गरेको पाइन्छ । आचार्य भरतले रससूत्र 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्तिः' (भरत, २०५४, पृ. ९३) को प्रतिपादन गरेपछि विभिन्न आचार्यहरूले यसका सन्दर्भमा विश्लेषण गरेको पाइन्छ । प्रायः विश्लेषकहरूले रसलाई आनन्दमय मानेका रस साहित्यमा श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त गरी नौ प्रकारका रहेका छन् । रससूत्रमा उल्लिखित रससामग्रीका आधारमा *निना* कथामा प्रस्तुत अङ्ग र अङ्गीरसको अध्ययन गरिएको छ । यस लेखको उद्देश्य *निना* कथामा शृङ्गार र अद्भुत रस कसरी र कस्तो रूपमा प्रस्तुत भएको छ भन्ने प्राज्ञिक समस्यालाई समाधान गर्नु रहेको छ ।

*निना* कथाका  प्रमुख पात्र निना र मालामा रहेको श्रृङ्गार रस र निनामा नै देखिएको अद्भुत रसको स्वरूपलाई यस लेखमा अध्ययनको विषय बनाइएको छ । कथामा निनामा रहेको श्रृङ्गार र अद्भुत रसले गर्दा उसले प्रकट गरेका यावत कृत्यहरूलाई श्रृङ्गार र अद्भुत रसका रूपमा चित्रण गरिएको छ र यसैलाई सूचकका रूपमा विश्लेषणका लागि उपयोग गरिएको छ । विशेष गरी निना र मालामा शृङ्गारिकता प्रबल हुँदा देहेन्द्रिय सुखका निम्ति उनीहरूले देखाएका यौनजन्य कृत्यहरू सम्भोग श्रृङ्गार अङ्गीरस तथा निनाका विस्मयपरक कृत्यहरू अद्भुत रसका रूपमा अङ्गरस भएर प्रस्तुत भएको देखिएको छ । यही निना र मालामा देखिएको श्रृङ्गार तथा निनामा नै दखिएको अद्भुत रस अनि यिनैका सापेक्षित कृत्यहरूको स्वरूपलाई विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो । यस कथालाई श्रृङ्गार र अद्भुत रसभन्दा बाहेकका अन्य रसहरू र  निना कथा बाहेकका अन्यको विश्लेषण नगर्नु यस अध्ययनको सीमा हो । यस लेखमा गुणात्मक अध्ययन पद्धति र व्याख्यापरक विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषण गरिएको छ । कथाका पात्रहरूमा देखिएको शृङ्गारिक र अद्भुत कृत्य एवम् व्यवहार र तिनका स्वरूपसँग सम्बद्ध सूचकहरूलाई आधार बनाएर गरिएको यो अध्ययन मौलिक र नवीन रहेको छ । त्यसैले ज्ञानका दृष्टि पनि महत्त्वपूर्ण रहेको हुनाले  यस अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ ।

## अध्ययन विधि

यस अध्ययनमा 'निना' कथाका पात्रहरू निना र मालामा प्रबल रहेको श्रृङ्गार रस र निनामा नै सहायक रसका रूपमा प्रकट भएको अद्भुत रसको विषयलाई तत्त्वमीमांसाका रूपमा लिइएको छ। यसै गरी यस लेखमा यिनै रस निनाले प्रकट गरेकी र उसले प्रकट गरेका अनेकन कृत्यहरूको अध्ययन गरेर प्राप्त तथ्यहरूका आधारमा व्याख्यापरक विधिका माध्यमबाट ज्ञाननिर्माण गरिएको छ। यस अध्ययनका लागि महेशविक्रम शाहको कथासङ्ग्रह *भुइँखाट*मा सङ्गृहीत 'निना' कथालाई उद्देश्यमूलक नमुना छनौट विधिमार्फत चयन गरिएको छ। प्राथमिक स्रोतको सामग्रीका रूपमा *भुइँखाट*मा सङ्गृहीत 'निना'कथालाई लिइएको छ। द्वितीयक स्रोतका सामग्रीका रूपमा यस कथासँग सम्बन्धित पूर्वकार्यहरू र यस कथाको विश्लेषणका लागि आधार मानिएको सैद्धान्तिक विषयसँग सम्बद्ध सामग्रीहरू रहेका छन्। यिनै सामग्रीहरूका माध्यमबाट प्राप्त तथ्यका आधारमा यस अध्ययनमा प्रस्तुत समस्याको समाधान गरिएको छ। यस अध्ययनमा प्रयोग भएका सबै सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्। लेखलाई एपिए सातौँ संस्करणलाई अवलम्बन गरी तयार पारिएको छ।

## सैद्धान्तिक आधार

संस्कृत वाङ्मय कालदेखि नै रसको विभिन्न सन्दर्भमा प्रयोग गरिँदै आएको पाइन्छ। शब्दकल्पद्रुममा 'रस' शब्द 'रस्' धातुमा (अच्) 'अ' प्रत्यय लागेर बनेको शरीरको रस, श्रृङ्गारादि रस, ब्रह्मानन्दको रस, विष, राग, द्रव, वीर्य, अम्बु (पानी), पारो (पारद) आदि अर्थमा प्रयोग भएको पाइन्छ (शारदातनय, सन् १९८४, पृ. ७८)। वैदिक कालदेखि रसका सन्दर्भमा चर्चा हुँदैआएको पाइन्छ। *साहित्यदर्पण*मा "वाक्यम् रसात्मकम् काव्यम्" अथवा रसपूर्ण वाक्य नै काव्य हो भनेर विश्वनाथले उल्लेख गरेका छन् (विश्वनाथ, सन् १९७७, पृ. १९)। सैद्धान्तिक रूपमा यसको विकास पूर्वीय काव्यशास्त्रीय परम्परामा भए पनि भरतमुनिले नाट्यशास्त्रमा रसलाई पनि प्रमुख तत्त्व मानेपछि साहित्यमा यसको उपस्थिति महत्त्वपूर्ण र अनिवार्य बन्न पुगेको देखिन्छ। रसका सन्दर्भमा वैदिक कालमै चर्चा परिचर्चा भए पनि रससिद्धान्तलाई विधिवत स्थापना गर्ने काम भने आचार्य भरतले गरेको पाइन्छ। आचार्य भरतले आफ्नो *नाट्यशास्त्र*मा 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति :' (भरत, २०५४, पृ. ९३) रससूत्र प्रस्तुत गरे। भरतको विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रस निष्पत्ति हुन्छ भन्ने धारणाले रसलाई आस्वाद्य विषयका साथै आनन्दायक बनाएर परिभाषित गराएको देखिन्छ। आचार्य भरतले रससूत्रमा रससामग्रीको उल्लेख गरेका छन्। जसमा विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभाव रहेका छन्।

विभावले भावकको मनमा रहेका रति, हास आदि भावलाई अङ्कुरण गराउन भूमिका खेल्दछ। आचार्य भरतले विभावलाई कारण रूपमा व्याख्या गरेका छन्। आचार्य भरतले अभिनयका माध्यमबाट भावबोध गराउने नायकनायिकालाई विभावका रूपमा चिनाएका छन् (भरत, २०५७, पृ. ३७३)। यसैगरी विश्वनाथले सामाजिकको हृदयमा रहेका रति, हास आदि वासनाहरूलाई विशेष प्रकारले रसका रूपमा अभिव्यक्त गराउनका निम्ति सहयोग गर्ने विभाव भनेका छन् (विश्वनाथ, सन् २००८, पृ.१३५)। विभाव भावाभिव्यक्तिको महत्त्वपूर्ण हेतुका रूपमा विभाव रहेको छ। आचार्य मम्मटले

भट्टलोल्लटको रससूत्रको व्याख्याका क्रममा *काव्यप्रकाश*मा स्थायीभावलाई आस्वादनीय बनाउने प्रमुख कारण विभावलाई मान्दै यसलाई आलम्बन र उद्दीपन गरी दुई प्रकारमा विभक्त गरेका छन् ।

आलम्बन विभावले रसभावको आश्रयलाई जनाएको छ । मम्मटले काव्यनाट्यमा वर्णित शकुन्तला आदि पात्रलाई आलम्बन विभाव भनेका छन् (मम्मट, सन् १९६०, पृ. १२१) । लेखकले आफ्ना विचार नायकनायिकाकै माध्यमबाट प्रस्तुत गर्दछ । यिनै नायकनायिका लगायतका पात्रहरूका माध्यमबाट भावकको अन्तस्करणमा रहेका स्थायीभावहरू अङ्कुरण हुने भएको हुनाले नायकनायिकालाई आलम्बन विभाव मानिन्छ । यो विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारको हुन्छ । साहित्य विधामा रति, हास आदि भावहरू अङ्कुरण गराउने नायक वा नायिका आदि पात्रहरू तथा रणभूमि, डरलाग्दो वन, खोलो, भीषण वर्षा, प्राकृतिक प्रकोप आदि विषयालम्बन हुन् । विषयालम्बनका कारण जसमा रति, हास, शोक आदि भाव उत्पन्न हुन्छन्; त्यो नै आश्रयालम्बन हो । शकुन्तलालाई देखेर दुष्यन्तमा रतिभाव उत्पन्न हुनु आश्रयालम्बन हो । रससिद्धान्तमा आलम्बन विभागका रूपमा जसलाई भनिएको छ, अहिले आएर आधुनिक कथामा चरित्रका रूपमा प्रयोग भएका छन् ।

भावलाई उद्दीप्त पार्ने घटक नै उद्दीपन विभाव हो । आचार्य भरतले उद्दीपन विभावको स्पष्ट व्याख्या नगरे पनि अभिनवगुप्त, विश्वनाथ आदिले उद्दीपन विभावले परिवेशलाई जनाउँछ भन्ने धारणा दिएका छन् । विश्वनाथले नायक, नायिका, प्रतिनायक आदिका चेष्टा एवम् देश, काल (चन्द्रमा, भमराको झङ्कार आदिलाई उद्दीपन विभाव भनेका छन् (विश्वनाथ, सन् २००८, पृ. २४१) । यसरी कथामा घटना घट्ने स्थान र समयलाई परिवेश भनिएको पाइन्छ भने रससिद्धान्तमा भाव पुष्टिका लागि आउने स्थान र काललाई उद्दीपन विभाव भनेको पाइन्छ ।

अनुभावको अर्थ भावबोध गराउनु हो । उत्पन्न भाव व्यक्त गर्ने चेष्टाहरूलाई अनुभाव भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ४५) । विभावले स्थायीभावहरूलाई अङ्कुरण गराइसकेपछि तिनीहरूलाई सङ्केत गर्ने गरी अभिव्यक्त भएका वाचिक र सात्त्विक क्रिया नै अनुभाव हो । विभाव र स्थायीभावको संयोगपछि प्रकट हुने अनुभाव हो । व्यक्तिको मानसिकतामा रहेका रति, हास आदि भावहरूको बाहिर सूचना दिने कायिक, वाचिक, सात्त्विक तथा आहार्य क्रिया नै अनुभाव हो । अनुभाव कायिक, वाचिक, सात्त्विक र आहार्य गरी चार प्रकारका रहेका छन् ।

मानव मनमा स्थायी रूपमा रहने भाव स्थायीभाव हो । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई भाव भनिन्छ । भावलाई स्थायीभाव मानिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ४४) । यो वासना संस्कारका रूपमा चित्तमा चिरकालसम्म अविचलित भएर रहेको हुन्छ । आचार्य भरतले आठ ओटा स्थायीभावको चर्चा गरेका छन् । पछि भरतले नै शमभाव थपेर स्थायीभाव नौओटा उल्लेख गरेको पाइन्छ । रति, हास्य, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा (निन्दा), विस्मय र निर्वेद गरी नौ ओटा स्थायीभाव रहेका छन् । यिनैबाट नौरस प्रकट हुन्छन् ।

व्यभिचारीभावले अनियमित हुनु, चल्नु अथवा गतिशील हुने अभिव्यक्ति दिन्छ । केशवप्रसाद उपाध्यायले विभाव र अनुभावलाई परिपुष्टि गर्दै स्थायीभावलाई रसका रूपमा परिणत गराउने गतिशील वा अस्थायी प्रकृतिका भावहरू नै व्यभिचारीभाव हुन् भनेर उल्लेख गरेका छन् (उपाध्याय, २०५५, पृ.

३०) । यसलाई सञ्चारीभाव पनि भनिन्छ । निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, आलस्य, अमर्ष, निद्रा, अवहित्था, औत्सुक्य, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, त्रास, लज्जा, हर्ष, असूया, विषाद, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्क गरी तेत्तिसओटा सञ्चारीभाव रहेका छन् ।

आचार्य भरतले आठओटा स्थायीभावका आधारमा आठओटा रसहरूको उल्लेख गरेका छन्, जसमा रतिबाट श्रृङ्गार, हासबाट हास्य, शोकबाट करुण, क्रोधबाट रौद्र, उत्साहबाट वीर, भयबाट भयानक, जुगप्साबाट वीभत्स र विस्मयबाट अद्भुत रस उत्पन्न हुने बताएका छन् (भरत, २०५४, पृ. २९४) । पछि रससूचीमा शान्त रस थप गरी नौओटा रसको चर्चा गरेको देखिन्छ (उपाध्याय, २०६१, पृ. ६१) । अभिवनगुप्तले *अभिनवभारती*मा पूर्व मतहरूको खण्डन गर्दै शान्त रसका बारेमा स्वतन्त्र मत स्थापना गरेर भरतमुनिका आठ रस र शान्त रसलाई थप गरी रसका नौओटा प्रकार रहेको उल्लेख गरेका छन् ।

## श्रृङ्गार रस

रसहरूमध्ये श्रृङ्गार रसलाई महत्त्वपूर्ण रस मानिन्छ । यसको स्थायीभाव रति हो भने आलम्बन विभाव नायकनायिका हुन् । अनुरागले भरिपूर्ण नायकनायिकाको एकअर्काप्रतिको प्रेमको वर्णनमा श्रृङ्गार रस प्राप्त हुन्छ वा काम अङ्कुरित हुनु नै श्रृङ्गार रस हो (विश्वनाथ, सन् १९७७, पृ. १०६) । बगैंचा, एकान्त स्थान, चन्द्रमा आदि उद्दीपन विभाव हुन् भने नायकनायिकाले एकआपसमा प्रेमविनोद गर्दा हुने चिन्ता, छटपटी, आँसु, मूर्छा आदि अनुभाव हुन् । यसैगरी लज्जा, मुस्कान, प्रेम, व्यथा आदि व्यभिचारीभाव हुन् । यो सम्भोग र विप्रलम्भ श्रृङ्गार गरी दुई प्रकारको भएको उल्लेख छ (उपाध्याय, २०५५, पृ. ५८) । नायकनायिकाहरूका बिच एकअर्कामा शारीरिक, मानसिक, आध्यात्मिक प्रेमसम्बन्धमा केन्द्रित भई गरिएको वर्णन सम्भोग श्रृङ्गार रस हो । यसको स्थायीभाव रति हो । विभाव अन्तर्गत आलम्बन नायकनायिका आदि हुन् भने उद्दीपन एकान्त स्थल, उद्यान, चन्द्रमा, भ्रमर, नायकनायिकाको हाउभाउ, स्मृति चिन्ह आदि हुन् । यसै गरी अनुभावमा मुस्कान, लज्जा, अङ्कमाल गर्नु, चुम्बन गर्नु, स्पर्श गर्नु, कटाक्ष गर्नु आदि पर्दछन् । यस रसमा व्यभिचारीभाव अन्तर्गत हर्ष, ग्लानि, दीनता, मलिनता, उन्माद, आवेग, मद, चपलता आदि रहेका छन् ।

नायकनायिकाहरू अभीष्ट सम्बन्धको अभावमा मनेच्छा पूरा नभएको तर प्रेम सम्बन्ध भने अरू प्रवाह बन्दै गएको अवस्था नै विप्रलम्भ श्रृङ्गार रस हो । यसलाई प्रेमविछोड, धोका वा दैविक कारणले भएको वियोगलाई बुझिन्छ । यसका स्थायीभाव रति/प्रेम हो भने आलम्बन विभाव नायकनायिका अदि हुन् । यसै गरी उद्दीपन विभावमा पूर्वस्मृति, स्मृति स्थल, एकान्त स्थल, स्मृति चिन्ह आदि रहेका छन् भने झोक्रिनु, छटपटाउनु, टोलाउनु, आँसु झार्नु, पिरोलिनु, विह्वल हुनु आदि अनुभाव हुन् । यस रसका व्यभिचारीभावमा ग्लानि, चिन्ता, वितर्क, स्मृति, धैर्य, चपलता आदि पर्दछन् ।

## अद्भुत रस

आचार्य भरतले उल्लेख गरेका रसहरूमध्ये अद्भुत रस पनि एक रहेको छ। अलौकिक विचित्र वस्तु, दृश्य वा घटना देखेर वा सुनेर उत्पन्न हुने चित्तवृत्ति नै अद्भुत रस हो (उपाध्याय, २०६१, पृ. ६७) । अतिसयोक्तिपूर्ण रूप, ध्वनि, दृश्य आदिबाट आश्चर्यमय भय उत्पन्न हुनु नै अद्भुत रसावस्था हो । यस रसको स्थायीभाव विस्मय भाव हो । यसका अलौकिक वस्तु वा विषय जादु चटके आदि आलम्बन विभाव हुन् भने अलौकिक वस्तु वा विषयको चमत्कार, विचित्र रूप, रङ, चित्र आदि उद्दीपन विभाव हुन् । यसै गरी पसिना आउनु, वाल्ल पर्नु, आँखा फैलाउनु, औंला टोक्नु, जिब्रो टोक्नु, काम्नु आदि अनुभाव रहेका छन् भने आवेग, चिन्ता, हर्ष, जडता, मद, व्याधि आदि व्यभिचारीभाव हुन् । यस अध्ययनमा यिनै रसलाई सापेक्षतामा राखेर कथामा अङ्गी र अङ्गरसको अवस्था कस्तो रहेको छ त्यसको विश्लेषण गरिएको छ ।

## 'निना' कथामा अङ्गीरसको अवस्था

*भुइँखाट* कथासङ्ग्रहको तेस्रो कथा 'निना'मा निना र माला मिल्ने साथी छन् । एक दिन निना आफ्नो हब्बीसँग हेल्थ ल्कब गएकी थिई । लोग्नेले जिम गर्ने र निनाले हब्बीकै सल्लाहमा साल्सा सिक्न थालेकी थिई । साल्सा सिक्दा उसलाई ट्रेनर पुरुषसँग सङ्कोच लागे पनि भिन्दै आनन्द भएको थियो । सिक्दै गर्दा मालासँग ठोक्किएकी थिई । मालासँग परिचय भएपछि उनीहरू साथी भए । माला आधुनिक स्वतन्त्र नारी थिई । ल्कब, रेस्टुरेन्ट, पव जानु, रमाउनु उसका लागि स्वाभाविक थियो । उसको लोग्ने र बच्चाहरू भए पनि बच्चाहरू होस्टेलमा थिए भने लोग्ने आफ्नै व्यवसायमा व्यस्त थियो । अब निनाको पहिरन परिवर्तन हुन थालेको छ । पाटीमा जानु, नाच्नु, रमाइलो गर्नु र केटाहरूसँग रमाउनु उसको दैनिकी हुन थालेको छ । अब निना मालाजस्तै बनेकी छ । ह्विस्की पिउन र मस्ती गर्नमा दुवै खप्पिस बनेका छन् । मालाले निनालाई घरमै लगेर ह्विस्की पिएर रमाइलो गरेकी छे । मालाकै घरमा दुवै सँगै सुतेर बेडरुममा निना मालाबाट यौनिक क्रियामा निचोरिएकी छे । मालाको घरमा केटाहरूसँग ककटेल पाटी हुँदा समूहमै केटाहरू फेर्दै दुवैले यौनानन्द लिएका छन् । दुवैले एकले प्रयोग गरेको केटो 'ट्वाय ब्वाय' अर्कोले साटेर रतिक्रीडा गरेका छन् । यसरी फेर्दैं जाँदा एक दिन यस्तो अवस्था आउँछ कि उनीहरू एकअर्काको लोग्नेलाई 'ट्वाय ब्वाय' बनाएर समागम गर्न समेत पुग्दछन् । यो कुरा दुवैले एकअर्कालाई सुनाएर आनन्द मानेका छन् । यसरी यस कथामा अङ्गीरसका रूपमा श्रृङ्गार रसको सम्भोग श्रृङ्गार रस प्रयोग भएको पाइन्छ ।

### स्थायीभाव

'निना' कथाको अङ्गीरस सम्भोग श्रृङ्गार हो । यस कथामा मुख्य पात्रहरू निना र माला हुन् । जब निनाको मालासँग भेट हुन्छ र दुवै साथी बन्दछन् तब उनीहरूमा रतिभाव प्रकट भएको देखिन्छ । सम्भोग श्रृङ्गार रसको स्थायीभाव रति हो (रोकाय, २०७८, पृ.३४) । रतिभावकै कारण यिनीहरूमा यौनासक्ति बढेको देखिन्छ । दुवैको पहिरन, घुमफिर, पब, बार, क्लब आदि जानु र खानपान मस्तीमा रमाउने क्रियाकलापको कारण रतिभाव नै हो । रतिभावले गर्दा नै निना मालाको बाटोमा

हिँडेकी छे । रक्सी पिउनु, केटाहरूसँग नाच्नु, समूहमा केटाहरूसँग रमाउनु, मालासँग क्रिडामग्न हुनु, केटाहरू फेर्दै मस्ती गर्नु र 'ट्वाय ब्वाय' बनाउँदै यौनजन्य क्रियाकलापमा लिप्त हुनुको कारण उनीहरूमा रहेको रतिभाव नै हो । जस्तैः

> सबैको एक हातमा ड्रिङ्क्सको ग्लास र अर्को हातमा कसैको हात थियो मैले मालालाई हेरेँ । ऊ केटाहरूको समूहमा ह्विस्की पिउँदै मस्तसँग नाचिरहेकी थिई । केटाहरू पालैपालो उसलाई अँगालोमा बेर्दै नचाउँदै थिए । ऊ पनि निसङ्कोच हरेकको जिउमा टाँसिएकी थिई । (शाह, २०७४, पृ.२०)

यस्तै क्रियाकलापमा मात्र आफूलाई फुक्का भएको देख्ने र यसैलाई जीवन जिउनुको वास्तविक कला ठान्नु भनेकै रतिभावमा आधारित विषय हो । उनीहरूले रतिभावकै प्राबल्य स्वरूपले गर्दा यसमा नै वास्तविक जीवन भोगाइ र स्वतन्त्रता देखेका छन् । यिनै कुराहरूका आधारमा स्थायीभाव रतिभाव नै प्रबल रूपमा कथामा प्रस्तुत भएको  मान्न सकिन्छ ।

**विभाव**

यस कथाम निना र मालामा जुन रतिभाव छ, त्यसलाई जागृत गराउने काम विभावले गरेको छ । स्थायीभाव रति जोसँग रहेको छ तिनीहरू आलम्बन विभाव हुन् । भावलाई विभावन (विशेष किसिमबाट ज्ञान गराउने) गर्ने व्यक्ति चरित्र नै आलम्बन विभाव हो (विश्वनाथ, सन् २००८, पृ.१५१) । यस कथामा निना र माला आलम्बन विभाव हुन् । यिनीहरूमा रहेको रतिभावलाई जागृत गराउने काम उद्दीपन विभावले गरेको छ । बाह्य परिस्थिति, उद्यान, प्राकृतिक सौन्दर्य आदिलाई उद्दीपन विभाव भनिन्छ (आनन्दवर्धन, सन् २०१३, पृ.७७) । उद्दीप्त गराउने काम कथामा विभिन्न विभावले गरेका छन् । निना पतिसँग जिम जानु र साल्सा केटासँग सिक्दा अङ्गअङ्गका बिच स्पर्श हुँदा उसमा रतिभाव जागृत भएको छ । मालासँग पहिरन तथा जीवनशैलीमा परिवर्तन हुनु, जिउमा टमक्क मिल्ने थरीथरीका लुगा लगाएर ऐनामा हेर्दा  राम्रो लाग्नु, मालाका ब्वायफ्रेन्डहरूले हेर्दा निनालाई बेग्लै यौनिक आनन्द लाग्नु, मालासँग सँगै सुत्नु, यौनात्मक कृत्यमा संलग्न हुनु, केटाहरूसँग समूहगत पाटीमा रमाउनु, रक्सीको मादकतामा सङ्गीतात्मक परिवेशमा केटाहरूसँग अँगालोमा बेरिएर अङ्गप्रत्यङ्गमा स्पर्श हुँदा चरम मोहित हुनु, नयाँनयाँ पुरुषहरूसँग यौनसम्बन्ध राख्नु, 'ट्वाय ब्वाय' निना र माला एकअर्कालाई साट्नु आदि कृत्यहरू उद्दीपन विभाव हुन् । जस्तै :

> माला र मैले आफ्ना 'ट्वाय ब्वाय' हरू साटासाट गऱ्यौं । डिजिटल दुनियाँको
>
> भाषामा भन्नुपर्दा माला र म एकअर्काका ट्वाय ब्वायहरू आआफ्नो शरीरको
>
> मोनिटरमा कपी र पेस्ट गर्थ्यौं । ( पृ.२४)

यिनै परिवेशमा निना र माला दुवैले यौनिक रोमान्सबाट आनन्द लिएका छन् । यिनै कुराले रतिभाव जगाउन भूमिका खेलेका छन् ।

**अनुभाव**

आलम्बन विभावका रूपमा रहेका निना र मालाको रतिभावलाई परपुरुषसँगको सम्पर्कका विभिन्न अवस्थाले जागृत गराएर रसानुभूति गराएको छ । साल्सा गर्दा परपुरुषसँग निना स्पर्शित हुँदा उसमा सम्भोगात्मक रसानुभूति भएको छ । मालासँग भेट भएपछि उसका केटासाथीहरूसँग भेट हुनु र उनीहरूले हेर्दा बेग्लै वासनात्मक राग इच्छित बनेर जागेको छ । भावको अनुभव गराउने कार्यव्यापारलाई नै अनुभाव भनिन्छ ((रोकाय, २०७८, पृ.२९) । निनाले बेग्लै पहिरनबाट परपुरुषको हेराइलाई प्रभाव पारे नपारेको ख्याल गर्नु र मालासँग रातभर रतिक्रीडामा सामेल हुनुका साथै पार्टीमा सामूहिक रूपमा केटाहरूसँग मस्ती गर्दै यौनानन्द लिनु, 'ट्वाय ब्वाय' फेर्दै र रसास्वादन लिँदै दुवैले एकअर्कामा साटासाट गरेर रसानुभूति गरेको पाइन्छ । जस्तै :

> अलिकति जान्ने भएपछि ट्रेनरले जोडी बनाएर नचाउन थाल्यो । केटासँग हात समातेर नाच्नुपर्थ्यो । नाच्ने बेला हाम्रा आँखा जुध्थे, कुम जोडिन्थे, छातीमा छाती जोतिन्थ्यो, घुँडा र पैतालाहरू ठोकिन्थे । मेरो कम्मरमा केटाको हात हरदम सर्पसरि बेरिइरहन्थ्यो । म लाजले राती हुन्थेँ । (पृ.१६)

केटाहरूसँग आलिङ्गनमा बाँधिनु, साल्सा गर्दा निना सुरुमा लजाउनु, माला र निना यौनावेगमा रमाउनु, चुम्बन गर्नु, परपुरुषसँग स्पर्श गरी यौनानन्द लिनु आदि घटनाहरू अनुभावका रूपमा कथामा प्रस्तुत भएका छन् ।

**व्यभिचारीभाव**

'निना' कथामा निना र मालामा व्यभिचारीभावको अवस्था व्याप्त छ । स्थायीभावलाई रसका रूपमा परिणत गराउने अस्थायी वा गतिशील प्रकृतिका भावलाई व्यभिचारीभाव भनिन्छ (उपाध्याय, २०५५, पृ.३०) । विशेष गरी निनामा यसको अवस्था प्रबल देखिन्छ । सर्वप्रथम साल्सा गर्दा निनाले परपुरुषसँगको पहिलो स्पर्शमा सङ्कोच मानेकी छे र उसलाई हल्का डर पनि लागेको छ । मालासँग हिँड्न थालेपछि उसमा विस्तारै यो सङ्कोच हट्दै गएको छ । सुरुमा ग्लानिजस्तो लागे पनि पछि ऊ खुल्दै गएकी छे । मालासँगै रात बिताउँदा ऊ अत्यन्तै हर्षित छे । केटाहरूसँग नाच्दा र पार्टीमा रमाउँदा उसमा बेग्लै उन्माद चढेको छ । जस्तै :

> हरेकको अँगालोले मलाई लोभ्याइरहेको थियो-आह ! यो पो हो त असली जीवन ।
>
> अहिलेसम्म कहाँ हराइरहेकी थिएँ म ! तिनीहरूले ख्यालख्यालमा मेरो जिउका हरेक अङ्ग छामेर हेरे । (पृ.२०)

माला त केटाहरू फेर्दै जाँदा मदमस्त बनेकी छे । केटाहरूसँग समूहमै रमाउँदा निनामा चरम यौन रागात्मक भाव उत्पन्न भएको छ । 'ट्वाय ब्वाय' फेर्दा उनीहरूलाई अत्यन्तै आनन्द लागेको छ र यसमा उनीहरू हर्षित छन् । आआफ्नै पति एकअर्काले 'ट्वाय ब्वाय' बनाएर यौनानन्द लिएका छन् ।

उनीहरू एकअर्काका 'ट्वाय ब्वायहरूलाई आआफ्नो शरीरको मोनिटरमा कपी र पेस्ट गर्दै चरम दैहिक मस्तीमा रमाएका यी दुवै पात्रहरूमा यसप्रकारका व्यभिचारीभावहरू प्रकट भएको देखिन्छ ।

## 'निना' कथामा अङ्गरसको अवस्था

'निना' कथा मूलतः श्रृङ्गारिक रसमा आधारित कथा हो । तर अंशतः हेर्दा कहीँकहीँ भिन्न रस प्रकट भएको पाइन्छ । यस कथामा निनाले बिचबिचमा उसले देखाएको व्यवहारलाई अङ्गरसका रूपमा लिन सकिन्छ । विशेष गरी आफ्नो लोग्नेले जिम जाने क्रममा उसलाई साल्सा सिक्न भनेपछि उसले सिक्दै गएकी र मालासँग भेट भएपछि उसमा एकप्रकारको विस्मयभाव उत्पन्न भएको छ । यही स्थायीभावको सापेक्षतामा हेर्दा उसमा अद्‌भुत रस अङ्गरसका रूपमा प्रकट भएको देखिन्छ ।

### स्थायीभाव

'निना' कथाकी मुख्य पात्र निनामा विस्मयभाव पनि पाइन्छ । अद्‌भुत रसको स्थायीभाव विस्मय हो (रोकाय, २०७८, पृ.४१) । आफ्नो लोग्नेले साल्सा सिक्न भन्दा निनालाई आश्चर्य लागेको छ । उसलाई परपुरुषसँग लहराउँदै अङ्गप्रत्यङ्ग हल्लाउँदै नृत्य गर्ने कार्यमा संलग्न हुन आफ्नो लोग्नेले सहजै दिएको सल्लाह र उसले मानेको लाज विस्मयमूलक देखिन्छ । मालासँग भेट, पहिरन परिवर्तन तर आफ्नो लोग्नेले त्यसप्रति कुनै प्रतिक्रिया नदिएको र सहज रूपमा लिएको कुरामा निना विस्मयमा परेकी देखिन्छे । जस्तै :

> मैले मोबाइलमा उसलाई कल गरेँ । उसले दुई घण्टीमै फोन उठायो । मैले मालाले भनेको कुरा गरेँ । उसले भन्यो, "ल, ल बधाई छ । कति छिटो मिल्ने साथी भेट्टाएकी नि ! हुन्छ जाऊ ।" मैले सोचेकी थिएँ- उसले मलाई 'आफूलाई कुर्नु' भन्नेछ तर मेरो अपेक्षाविपरीत जबाफ दिएको थियो उसले । मैले घोसे मुन्टो लगाएँ । (पृ.१७)

मालाका क्रियाकलापहरू, यौन स्वतन्त्रता र त्यस्ता गतिविधिको अवस्थामा पनि सुरूमा निना विस्मयित छे । उसलाई अस्वाभाविक लागेका घटनाक्रममा ऊ विस्मयमा परेको देखिन्छ ।

### विभाव

निनामा देखिएको विस्मय स्थायीभावलाई जागृत गराउन विभावले भूमिका खेलेको देखिन्छ । उसमा नै स्थायीभाव विस्मय रहेको छ । उसमा रहेको यही स्थायीभावलाई जागृत गराउने काम उद्दीपन विभावका रूपमा कथामा विभिन्न घटना र परिवेशले भूमिका खेलेका छन् । सामान्य असल गृहिणीका रूपमा रहेकी निनालाई श्रीमान्‌ले हेल्थ क्लब लैजानु, जुम्बा र साल्सा नृत्य सिक्न उत्प्रेरित गर्नु, मालाले निनालाई शरीरमा टिमिक्क हुने नयाँ पहिरन गर्न उत्प्रेरित गर्नु, छोटा र पारदर्शी लुगा लगाउनु तर श्रीमान्‌ले प्रवाह नगर्नु, मालाले नयाँनयाँ केटाहरूसँग सम्बन्ध राख्नु, केटाहरू फेर्नु आदि जस्ता घटनाहरू आलम्बन विभाव हुन् । साल्सा सिक्दा केटाहरूसँग अङ्गालोमा लहरिँदा श्रीमान्‌लाई कुनै अफठ्यारो

नहुनु, छोटा र पारदर्शी पहिरन देखेर पनि पनि श्रीमान्ले केही नभन्नु र माला केटाहरूसँग शारीरिक सम्बन्ध राखेका कृत्यहरू आदि थाहा पाउँदा निनामा विस्मयभाव जागृत भएको देखिन्छ ।

**अनुभाव**

निनालाई हेल्थ क्लबको प्रस्ताव श्रीमान्बाट आउँदा ऊ वाल्ल परे पनि ऊ गएकी  छे। उसको आफ्नै स्वइच्छा नभए पनि श्रीमान्ले राखेको प्रस्ताव अनौठो लागेको छ तर ऊ श्रीमान्ले भनेको मानेर गएकी छे। साल्सामा हल्लिँदा उसलाई लज्जा पनि लागेको छ भने मालाले केटाहरूसँग सम्बन्ध राखेको सुन्दा र केटाहरू फेरीफेरी मस्ती गरेको कुरा सुन्दा ऊ वाल्ल परेकी छे। त्यतिमात्र नभै एकरात माला र ऊ रतिक्रिडामा समाहित हुन लागेको क्षणमा पनि उसले अनौठो माने पनि ऊ त्यसको रसानुभावमा समाहित भएकी छे । यसरी हेर्दा निनाले आँखा तान्नु, वाल्ल पर्नु, लज्जा देखाउनुजस्ता भावहरू अनुभावका रूपमा यस कथामा प्रकट भएको मान्न सकिन्छ ।

**व्यभिचारीभाव**

कथामा निनामा व्यभिचारीभाव विभिन्न अवस्थामा प्रस्तुत भएको देखिन्छ । निना मालासँग बाहिर घुम्न थालेपछि उसमा आफ्नो लोग्ने र छोराछोरीको चिन्ता प्रकट भएको देखिन्छ । आफू यसरी मालासँग हिँड्दा लोग्नेले सहज मानेको देख्दा निना छक्क परेकी छे । मालासँग रात बिताउँदा उसमा अद्भुत आवेग देखिएको छ। मालासँग बाहिरी दुनियाँमा रमाउन थालेपछि  निनामा चरम हर्ष उत्पन्न भएको छ । सांसारिक विषय वासनामा मदपूर्ण भावजस्ता कृत्यमा हेर्दा निनामा चिन्ता, हर्ष, आवेग एवम् मदजस्ता व्यभिचारीभावहरू प्रकट भएको देखिन्छ ।

## निष्कर्ष

सम्भोग श्रृङ्गार अङ्गीरस रहेको 'निना' कथामा स्थायीभाव रति आलम्बन विभाव निना र मालामा रहेको छ । पुरुषसँग साल्सा सिक्दा अङ्गअङ्ग छोइनु, नयाँनयाँ पुरुषसँगको यौनसम्बन्ध र मालासँगको प्रेमिल शयनावस्थाले रतिभावलाई उद्दीप्त गराएका छन् । यौनानन्द लिनु र चुम्बन गरेका कुराहरू अनुभाव हुन्  भने निनाको डर, केटाहरूको संसर्गमा उन्माद चढ्नु, केटा फेर्दा हर्षित हुनु व्यभिचारीभाव हुन् ।

'निना' कथाको अङ्गरस अद्भुत रसको स्थायीभाव विस्मय आलम्बन विभाव निनामा पाइन्छ । साल्सा परपुरुषसँग सिक्दा, पहिरन देख्दा श्रीमान्ले केही नभन्नु र माला केटाहरूसँग सम्बन्ध राख्दा निनामा प्रकट भएको भाव विस्मय हो । यसैगरी निना लज्जा, आश्चर्य र वाल्ल परेको अनुभाव हो भने साल्सा सिक्दाको लज्जा, छोराछोरीको चिन्ता, मालासँगको रतिक्रीडाको आवेग आदि व्यभिचारीभाव हुन् ।

## सन्दर्भ सामग्री सूची

आनन्दवर्धन, (सन् २०१३). ध्वन्यालोक (टीकाकार विश्वेश्वर) (तेस्रो संस्क.). ज्ञानमण्डल लिमिटेड ।

उपाध्याय, केशवप्रसाद (२०५५). *पूर्वीय साहित्य सिद्धान्त* (तेस्रो संस्क.). साझा प्रकाशन ।

भरत (२०५४). *नाट्यशास्त्र* (टीकाकार शुक्ल, बाबुलाल) (तेस्रो संस्क.). चौखम्भा संस्कृत संस्थान ।

भरत (२०५७). *हिन्दीनाट्यशास्त्र* (घोष, मनमोहन अनु.). कृष्ण आकादमी ।

मम्मट (सन् १९६०. *काव्यप्रकाश* (व्याख्याकार शास्त्री, श्रीनिवास). साहित्य भण्डार ।

रोकाय, सर्पराज (२०७८). *देवकोटाका खण्डकाव्यमा रसविधान.* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. नेपाल संस्कृत विश्वविद्यालय. अनुसन्धान केन्द्र ।

विश्वनाथ (सन् १९७७). *साहित्यदर्पण* (टीकाकार शास्त्री, शालिग्राम) (नवौँ संस्क.).मोतीलाल बनारसीदास ।

विश्वनाथ (सन् २००८). *साहित्यदर्पण* (१-६) (व्याख्याकार दाहाल, लोकमणि). चौखम्बा सुरभारती प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (दोस्रो संस्क.) विद्यार्थी पुस्तक भण्डार ।

शारदातनय (सन् १९८४). *भावप्रकाश* (टीकाकार तिवारी, शशि). कैशिक प्रकाशन ।

शाह, महेशविक्रम (२०७४). *भुइँखाट.* फाइन प्रिन्ट प्रकाशन ।